annapurnapost.com

# अन्नपूर्ण पोस्ट


वर्ष २३, अंक २२९ पृष्ठ ८ | काठमाडौं, मंगलबार ९ पुस २०८१ | पौष कृष्णपक्ष नवमी नेपाल संवत् ११४५ | TUESDAY, DECEMBER 24, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# रगतमा झेल

सुरेन्द्र काफ्ले | *काठमाडौं*

- को रिपोर्ट



रगतको मूल्य अस्पतालपिच्छे फरक-फरक छ। एक युनिट एसडीपीलाई कुनै-कुनै अस्पतालले २५ देखि ४० हजारसम्म लिन्छन्। अनुगमन फितलो भएकाले नै निःशुल्क पाउनुपर्ने रगतलाई मोटो रकम तिर्नुपर्ने बाध्यता छ। कुनै रक्तदाताले एक पोका रगत दियो भने त्यसबाट अरू तीनवटासम्म कम्पोनेन्ट बनाउन सकिने विज्ञ बताउँछन्। रक्त सञ्चार केन्द्र र अस्पतालबाटै रगतको व्यापार भइरहेको रक्त सञ्चारका क्षेत्रका अभियन्ताहरूको भनाइ छ।

समाचार पृष्ठ २






२०८०/८१ मा रेडक्रसले संकलन गरेको र वितरण गरेको रगत

रगत संकलन
२,९२,४३७

रगत वितरण
४,०६,२७१

केन्द्रीय रक्त सञ्चार केन्द्रले संकलन र वितरण गरेको रगत

रगत संकलन
३,६५,४७

रगत वितरण
६०,६९७

## लामिछानेको सांसद पद निलम्बित



काठमाडौं (अन्नपूर्ण): राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति एवं प्रतिनिधिसभा सदस्य रवि लामिछाने सांसद पदबाट निलम्बित भएका छन्। संसद् सचिवालयले सूचना टाँस गर्दै चितवन क्षेत्र नं २ बाट निर्वाचित लामिछानेको संसद् पद निलम्बनमा परेको जानकारी दिएको हो।

'कास्की जिल्ला अदालतमा आइतबार सहकारी ठगी, संगठित अपराध र सम्पत्ति शुद्धीकरणसम्बन्धी समेतको मुद्दाको पूरक अभियोगपत्र दर्ता भएको र जिल्ला सरकारी वकिल कार्यालयको पत्रसहित अपराध अनुसन्धान तथा कारबाही शाखा कास्कीले सभामुखलाई सम्बोधन गरी पत्र प्राप्त भएको र सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ को दफा २७ मा प्रचलित कानुन बमोजिम स्थापित संगठित संस्थाको कुनै पदाधिकारी वा कर्मचारी वा कुनै राष्ट्रसेवक यस ऐनबमोजिम थुनामा रहेकोमा त्यसरी थुनामा रहेको अवधिभर निजउपर दफा २२ बमोजिम मुद्दा दायर भएकोमा सो मुद्दाको किनारा नभएसम्म त्यस्तो कर्मचारी, पदाधिकारी वा राष्ट्रसेवक स्वत: निलम्बन भएको मानिनेछ' भन्ने व्यवस्था रहेकोले सो कानुनी व्यवस्थाको प्रयोजनका लागि यो सूचना प्रकाशित गरिएको छ,' संघीय संसद्का महासचिव पद्म प्रसाद पाण्डेयद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

काठमाडौं विश्वविद्यालय र धुलिखेल अस्पतालबीच विवाद

## समस्या मिलाउन प्रधानमन्त्रीको अग्रसरता

**काठमाडौं** | *अन्नपूर्ण*

काठमाडौं विश्वविद्यालय र धुलिखेल अस्पतालबीच लामो समयदेखि विवाद रहँदै आएको छ। धुलिखेल अस्पतालले छुट्टै विश्वविद्यालय सञ्चालनको प्रक्रिया थालेसँगै विवाद सुरुवात भएको हो। २०८० कात्तिक १० मा काठमाडौं विश्वविद्यालयमा दुईपटक नेतृत्व गरेको डा. रामकण्ठ मकाजुको नेतृत्वमा बागमती प्रदेश सामाजिक विकास मन्त्रालयमा 'सम्पूर्ण प्रक्रिया पूरा गरी धुलिखेल मेडिकल विश्वविद्यालय (सामुदायिक विश्वविद्यालय) स्थापनाको स्वीकृति दिलाइ पाऊँ' भनी निवेदन दिइएको छ। त्यो निवेदनमा धुलिखेल अस्पतालका तर्फबाट अध्यक्ष बेलप्रसाद श्रेष्ठ र कामु कार्यकारी निर्देशक डा. रामबहादुर गुरुङले हस्ताक्षर गरेका थिए।



धुलिखेल अस्पताल काठमाडौं विश्वविद्यालय अस्पतालका रूपमा सञ्चालन गर्न दुई संस्थाबीच ५० वर्षको सम्झौता भएको थियो। तर, २१ वर्ष पनि नहुँदै धुलिखेल अस्पतालको विश्वविद्यालय फुटाउने गृहकार्य सुरुवात भयो। विश्वविद्यालय र अस्पतालबीच ७ वटा सम्झौता भएका छन्। यीमध्ये २०५९ चैत १९ मा मुख्य सम्झौता भएको थियो। 'विश्वविद्यालय र अस्पताल एक-अर्काका पूरक भई परस्पर अभिन्न अंगका रूपमा काम गर्दै विश्वविद्यालयले सम्झौता भएको मितिले ५० वर्षसम्म धुलिखेल अस्पताललाई विश्वविद्यालय शिक्षण अस्पतालका रूपमा विकास तथा प्रयोग गर्ने परस्पर सहमति भएको छ।' सम्झौतामा भनिएको थियो। २१ वर्ष नपुग्दै धुलिखेल अस्पताल छुट्टै विश्वविद्यालय बनाउने प्रक्रिया थालेसँगै विवाद चुलियो।

उता धुलिखेलले भने आर्थिक र कर्मचारी नियमावलीसँग बाझिने गरी विश्वविद्यालयले एकपक्षीय रूपमा निर्णयहरू गरेको भन्दै असन्तुष्टि जनाउँदै आएको छ।


» बाँकी पृष्ठ ६

## हसिनालाई फिर्ता पठाउन भारतलाई आग्रह

**ढाका** (एजेन्सी) : बंगलादेशले विद्यार्थी नेतृत्वको आन्दोलनले सत्ताच्युत गरेपछि अगस्ट ५ मा भारत भागेकी पूर्वप्रधानमन्त्री शेख हसिनालाई फिर्ता पठाउन भारतलाई औपचारिक अनुरोध गरेको छ।

स्थानीय सञ्चारमाध्यमका अनुसार बंगलादेशको अन्तरिम सरकारका विदेश मामिला सल्लाहकार तौहिद हुसेनले भारत सरकारलाई 'नोट भर्बेल' मार्फत यो अनुरोध गरिएको बताए।

'हामीले शेख हसिनालाई फिर्ता पठाउन अनुरोध गर्दै भारतलाई नोट भर्बेल पठाएका छौं', तौहिद हुसेनले भने। अगस्ट ५ मा विद्यार्थी नेतृत्वको आन्दोलनले बंगलादेशकी प्रधानमन्त्री शेख हसिनालाई हप्तौंको विरोधपछि अपदस्थ गरेको थियो। विरोध र झडपका क्रममा ६ सयको मृत्यु भयो। हसिना भारत भागेपछि नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा अन्तरिम सरकार गठन भएको छ।




## अस्ताइन् मानव बेचबिखनविरुद्धकी अभियन्ता

**रामकला खड्का** | *काठमाडौं*

मानव बेचबिखनविरुद्ध काम गर्ने अग्रणी संस्थामध्येको शक्ति समूहकी संस्थापक सुनिता दनुवारको सोमबार असमायिक निधन भएको छ। ४७ वर्षीया दनुवार गोकर्णेश्वर नगरपालिका-८ स्थित घरमै मृत अवस्थामा भेटिएकी हुन्। उनको सोमबार साँझ पशुपति आर्यघाटमा अन्तिम संस्कार गरिएको छ।

राति सुतेको अवस्थामा ओछ्यानमै अचेत भेटिएपछि उनलाई परिवारले बिहानै नेपाल मेडिकल कलेज शिक्षण अस्पतालमा पुर्‍याएको थियो। तर, अस्पतालमा चिकित्सकले उनलाई मृत घोषणा गरेको थियो।

शक्ति समूह सन् १९९६ देखि बेचबिखनमा परेका महिलाको उद्धार र पुनर्स्थापनामा काम गर्दै आएको संस्था हो। समूहका संस्थापक सदस्य एवं पूर्वअध्यक्ष दनुवारको अकल्पनीय एवं असामयिक निधनले समूह स्तब्ध र मर्माहित भएको संस्थाकी अध्यक्ष नातिसरा राईद्वारा जारी विज्ञप्तिमा उल्लेख छ। विज्ञप्तिमा भनिएको छ, 'शक्ति समूहलाई अन्तर्राष्ट्रिय र्‍यामन



म्यागासेसे पुरस्कार दिलाउन सफल एवं सी १० र टीआईपी हिरो जस्ता अन्तर्राष्ट्रिय पुरस्कारबाट सम्मानित उहाँको निधनले मानवअधिकार क्षेत्र विशेष गरी मानव बेचबिखनविरुद्धको आन्दोलनमा अपुरणीय क्षति पुगेको छ।' राष्ट्रिय महिला आयोगकी अध्यक्ष कमला पराजुलीले दनुवारको निधनको खबरले आफू स्तब्ध भएको जनाइन्। महिला अधिकार र मानव अधिकारको क्षेत्रमा उनको भूमिका अतुलनीय रहेको जनाउँदै दनुवारको निधनले सिंगो महिला अधिकारको क्षेत्रमा अपुरणीय क्षति पुर्‍याएको अध्यक्ष पराजुलीले बताइन्। राष्ट्रिय मानव अधिकार आयोगकी सदस्य लिली थापाले आफूले दनुवारलाई दुई साता अगाडि मात्र एउटा कार्यक्रममा भेटेकाले उनको मृत्युको खबरलाई पत्याउनै गाह्रो परिरहेको प्रतिक्रिया दिइन्।

आफैं पीडित भए पनि सबैको आवाज बनेर लडेकी दनुवारको योगदान समग्र नेपाली महिला अधिकारको क्षेत्रमा सदा स्मरणीय रहने उनको भनाइ छ। 'एउटा असाध्यै संवेदनशील विषय र समाजबाट बहिस्कृत वर्गको अधिकारका लागि अगाडि आएर सुनिताले निरन्तर लडिरहिन्। उनको शरीर नरहे पनि सिंगो महिला आन्दोलनको इतिहासमा उनको नाम सदा अमर रहने छ', उनले भनिन्।

दनुवार सुनिता फाउन्डेशनकी पनि संस्थापक अध्यक्ष हुन्। सन् २०१९मा स्थापना भएको यस फाउन्डेशन मानव बेचबिखनबाट बचेकाहरूद्वारा स्थापना गरिएको संस्था हो।

» बाँकी पृष्ठ ६